नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय, बुटवलको

# कर छुट तथा सुविधाको उपयोग गरी अतिरिक्त कर दायित्वबाट उन्मुक्ति पाउने सम्बन्धी विशेष सूचना!!!!!!!

१. विगत वर्षहरूदेखि कर लाग्ने आय आर्जन गरी स्थायी लेखा नम्बर नलिएका;

२. स्थायी लेखा नम्बर लिई आय विवरण र सोही अनुसारको कर दाखिल नगरेका;

**३. मूल्य अभिबृद्धि करमा दर्ता रही मूल्य अभिबृद्धि कर विवरण र कर दाखिल नगरेका;**

**४.** आन्तरिक राजस्व कार्यालयबाट संशोधित कर निर्धारण भएकोमा कार्यालयका विरूद्ध पुनरावलोकन वा पुनरावेदनमा मुद्दा विचाराधीन रहेका;

करदातालाई आर्थिक ऐन, २०७७ बमोजिम २०७७ फागुनसम्म फरफारक वा आफ्नो दायित्व पुरा गरेमा छुट तथा सुविधा पाउने व्यवस्था गरेको हुँदा यस प्रकारका करदातालाई उक्त छुट तथा सुविधा (स्कीम) को अधिकतम उपयोग गर्न हुन विशेष अनुरोध छ।

**साथै, २०७७ फागुन मसान्तभित्र छुट तथा सुविधा उपयोग नगरी कानुनको परिपालना नगरेमा त्यस उप्रान्त आयकर ऐन, २०५८ तथा नियमावली, २०५९; एवम् मूल्य अभिबृद्धि कर ऐन, २०५२ तथा नियमावली, २०५३ बमोजिम कारवाही हुन जाने व्यहोरा समेत सम्बन्धित सबैले यसै सूचनाबाट पूर्व जानकारी लिनुहुन समेत अनुरोध छ।**

***पुनश्चः*** *यस सम्बन्धी विस्तृत जानकारीका लागि आन्तरिक राजस्व कार्यालय बुटवलको फोन नं. ९८६७२१८२४४ र करदाता सेवा कार्यालय तानसेनको फोन नं. ९८५७०७४११७ तथा तम्घासको फोन नं. ९८५७०७८३७५ वा सिधै कार्यालयमा सम्पर्क राख्नुहोला।*